लोक सेवा आयोग

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, कानून, आठौं, प्रबन्धक (कानून) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।१०।०३

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : व्यवस्थापन, बीमा र पुनर्बीमा तथा सेवा सम्बन्धी कानूनहरू

**प्रश्न नं. ५** को उत्तर अनिवार्यरूपमा **अंग्रेजी भाषामा** दिनुपर्नेछ । प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क"

४० अङ्क

१. रणनीतिक योजना भनेको के हो? कुनै पनि संगठनमा रणनीतिक योजना किन आवश्यक हुन्छ? वार्षिक कार्य योजनाले रणनीतिक योजनासँग कसरी तालमेल मिलाउँछ? उल्लेख गर्नुहोस् । २+२+१=५

२. कुनै पनि व्यवसायको सुसञ्चालनका लागि सञ्चार व्यवस्थापन महत्वपूर्ण हुन्छ । बीमा व्यवसायको क्षेत्रमा औपचारिक र अनौपचारिक सञ्चारलाई कसरी व्यवस्थापन गर्ने गरिन्छ? उदाहरणसहित लेख्नुहोस् । ५

३. संगठनलाई लक्ष्य, दूरदृष्टि, उद्देश्य तथा मूल्यमान्यता अनुसार अघि बढाउन उच्च व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसै सन्दर्भमा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारीहरूले Interpersonal, Informational तथा Decisional भूमिकामा रहेर के-कस्ता कार्यहरू सम्पादन गर्न आवश्यक हुन्छ? बुँदागतरूपमा उल्लेख गर्नुहोस् । १०

४. व्यवस्थापकीय दक्षतामा "श्रम व्यवस्थापन" समेत एक महत्वपूर्ण सीपअन्तर्गत पर्दछ । नेपालका प्रचलित कानूनको उचित परिपालना गरी पुनर्बीमा कम्पनीको उत्पादकत्व बढाउन कम्पनीका कर्मचारीसँगको सम्बन्ध कसरी व्यवस्थित तथा सुमधुर बनाउनुहुन्छ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।१०

५. What kinds of methods should the Insurance Companies in Nepal follow in course of Human Resource Planning, Recruitment and Selection? Critically examine. 3+3+4=10

## खण्ड "ख"

६० अङ्क

६. बीमा नियमावली, २०४९ को परिच्छेद ५"क" दलालसम्बन्धी व्यवस्थाको दफा ३०"ग" मा भएको व्यवस्था सविस्तार वर्णन गर्नुहोस् । ५

७. नेपालमा बीमा तथा पुनर्बीमा कम्पनीको दर्ता प्रकृया, इजाजत र सर्वसाधारणमा शेयर पूँजी निश्कासन तथा धितोपत्र बजारमा सूचीकरणका व्यवस्था तथा परिपालनाबारे प्रकाश पार्नुहोस् । ५

८. बीमा व्यवसाय व्यवस्थापनका महत्वपूर्ण पक्षहरू अण्डरराइटिङ्, पुनर्बीमा र दाबी व्यवस्थापनबारे टिप्पणी गर्दै नेपालको बीमा क्षेत्रको विकास र प्रबर्द्धनमा बीमा समितिको भूमिका उल्लेख गर्नुहोस् । ५+५=१०

९. पुनर्बीमाका उद्देश्य, कार्यक्षेत्र र पुनर्बीमाले निर्वाह गर्नुपर्ने भूमिकाबारे विवेचना गर्दै नेपाल पुनर्बीमा कम्पनीको आवश्यकता औंल्याउनुहोस् । ५+५=१०

१०. बीमा समितिबाट जारी पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७६ मा पुनर्बीमा प्रकृयाका सम्बन्धमा के-कस्ता प्रावधानहरू रहेका छन्? संक्षेपमा उल्लेख गर्नुहोस् । १०

११. नेपालमा T.P.A. (Third Party Administration) को व्यवस्था बीमा ऐन, २०४९ ले आजका दिनसम्म गरेको छैन । कानून अधिकृतको नाताले तपाईंले T.P.A. बारे बीमा ऐनमा व्यवस्था गर्नका लागि के-के बुँदाहरू सुझाव गर्नुहुन्छ? कानूनीरूपमा प्रस्तुत गर्नुहोस् । १०

१२. कम्पनी ऐन, २०६३ अनुसार पब्लिक कम्पनीको साधारण सभासम्बन्धमा गरिएका व्यवस्थाहरूको संक्षेपमा चर्चा गर्नुहोस् । १०

:: समाप्त ::